खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी, मुगु

कर्णाली प्रदेश, नेपाल

प.सं. २०८३/०८४ मिति: २०८३/०५/११

च.नं.

## शोक वक्तव्य

यहि मिति २०८३/०५/१० गतेका दिन रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, धादिङ, नुवाकोट लगायतका जिल्लामा ठूलो संख्यामा मानवीय क्षति, भौतिक पूर्वाधारको विनाश र धेरै नागरिकहरू विस्थापित हुनुपरेको दुःखद खबरले खत्याड गाउँपालिका परिवारलाई स्तब्ध र मर्माहत बनाएको छ। यस प्राकृतिक विपत्तिले निम्त्याएको अपूरणीय क्षतिप्रति खत्याड गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र आम नागरिकहरू गहिरो दुःख व्यक्त गर्दछौं। यस भीषण बाढीमा परि ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

यस विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको अवस्था अत्यन्त संवेदनशील रहेकोप्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। यस विपद्को घडीमा बाढीबाट प्रभावित नागरिकहरूको खोज तथा उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण र राहतको तत्काल व्यवस्था गर्न संघीय सरकार र प्रदेश सरकार तथा सरोकारवाला सबै पक्षसँग खत्याड गाउँपालिका हार्दिक अपिल गर्दछ।

.......................
विजय ओली
नि.प्रमुख प्रशासकीय अधिकृत

.......................
अज बहादुर शाही
गाउँपालिका अध्यक्ष